

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नें छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २३ गते मंगलबार ❑ 6 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## नेपाल-भारत सीमा विवादबारे दुवैपक्ष बसेर छलफल गर्नुपर्छ : प्रधानमन्त्री

रासस
काठमाडौं, २२ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल-भारत सीमा विवादका विषयमा दुवैपक्ष बसेर छलफल गर्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा भारत भ्रमणका क्रममा भएका सम्झौता र नागरिकता विधेयक प्रमाणीकरणसम्बन्धमा सांसदहरुको जिज्ञासामा नेपाल र भारत दुवै पक्ष सँगै बसेर नक्शा राखेर छलफल गर्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो।

"भारत भ्रमणका क्रममा कैयौँ विषयमा छलफल भएको छ, राष्ट्रिय हित र स्वाधिनताको विषयमा हामी चिन्तित छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नक्शाको विषयमा पनि कुरा भएको छ, म धर्मनिरपेक्षतावादी हुँ, जनताको धार्मिक आस्थालाई अपमान हुने काम गर्नुहुँदैन, मेरो प्राथमिकता चाहीँ फोहर व्यवस्थापन थियो।"

प्रधानमन्त्री दाहालले नागरिकता विधेयक दुवै सदनले पारित गरेर पठाएको हुनाले राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाएको बताउनुभयो। नागरिकता विधेयक प्रमाणीकरण नहुँदा धेरै नागरिक नागरिकताविहीन भएका उहाँको भनाइ थियो। "दुवै सदनले विधिसम्मत तरिकाले पठाएको विधेयक अर्को संसद्ले मान्दिन भन्न मिल्दैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सदनले दुई पटक प्रमाणीकरणका लागि पठाएको हो।"बैठकमा सांसद सूर्यबहादुर थापाले अघिल्लो सदनले पठाएको विधेयक वर्तमान सदनलाई जानकारी नदिइकन प्रमाणीकरण गर्नु कानुनी प्रक्रिया गलत भएको भन्दै संसद्को ध्यानाकर्षण गराउनुभएको थियो। सांसदहरु विश्वप्रकाश शर्मा र रघुजी पन्तले नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष वर्तमान राष्ट्रियसभा र प्रतिनिधिसभा अध्यक्षले प्रमाणित गरेर पठाउनुपर्ने सुझाव दिनुभयो।

सांसदहरु गोकर्ण विष्ट, पद्म गिरी, प्रेम सुवाल, रघुजी पन्त, योगेशकुमार भट्टराई, राजेन्द्रप्रसाद लिङ्देन, ज्ञानेन्द्रबहादुर शाही, ठाकुर गैरे, शिशिर खनाल, रवि लामिछाने, जुलीकुमारी महतो, सुनिता बराल, बिजुला रायमाझीलगायतले पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, सीमा सुरक्षा, नागरिकता विधेयक संसद्लाई छलेर प्रमाणीकरण गरेको आरोप लगाउँदै प्रश्न उठाएका थिए।

## नागरिकता विधेयक पुन: संसदमा ल्याउनुपर्छ : नेता ओली

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नागरिकता विधेयक फेरि संसद्मा ल्याउनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकलाई सम्बोधन गर्दै उहाँले अघिल्लो संसदले पारित गरेको विधेयक मन्त्रिपरिषद्को अनुरोधमा अहिले राष्ट्रपतिले प्रमाणीकरण गर्नु विधिसम्मत नभएको र त्यसलाई पुनः संसदमा ल्याउनुपर्ने आफ्नो पार्टीको धारणा रहेको उहाँको भनाई थियो। उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हालै सम्पन्न भारत भ्रमण सफल हुन नसकेको टिप्पणी पनि गर्नुभयो। उहाँले प्रधानमन्त्रीको भारत भ्रमण फितलो प्रदर्शन भएको आरोप पनि लगाउनुभयो। भारतसँगको द्विपक्षीय वार्तामा बस्दा नेपालको परराष्ट्र मन्त्रालयको प्रतिनिधित्व नदेखिएको तथा महत्वपूर्ण वार्ताका समयमा समेत मन्त्री, सचिव, शिष्टाचार महापाल पनि बैठकस्थलमा नदेखिने गरेकाले भारतको औपचारिक भ्रमण फितलो हुन पुगेको उहाँले आरोप थियो। पूर्वप्रधानमन्त्री नेता ओलीले असंलग्न परराष्ट्र नीतिलाई नेपालले विर्सन नहुने सुझाव पनि दिनुभयो। बङ्गलादेश र भारतले जमिन लेनदेन गरेर सीमा समस्या समाधान नभएको दृष्टान्त पेश गर्दै नेता ओलीले जमिन दिएर बङ्गलादेश मोडेलमा सीमा समस्या हल गर्न खोजिएको भन्ने चर्चा बजारमा सुनिएकाले यस्तो कुरा सोच्न पनि नसकिने उहाँले बताउनुभयो। यस्तै उच्चस्तरीय भ्रमणका समयमा आफ्ना छिमेकीसँग आफ्नो जमिन मिचिएकोदेखि लिएर आफूलाई परेका सबै अप्ठ्यारोहरूलाई राख्नुपर्ने उहाँको सुझाव थियो। नेता ओलीले नेपाली भूमि लिपुलेक, लिम्पियाधुराको सीमाको नक्शा दुवै सदनबाट सर्वसम्मतले पारित भएको र ब्रिटिश संसदमा रहेको प्रमाणले पनि यसको पुष्टि गर्ने बताउनुभयो।

## मासिक ५ हजार पाउने घोषणाले गण्डकी प्रदेशका ७ जना ओलम्पियन उत्साहित

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशका ओलम्पियनहरुलाई मासिक ५ हजार दिने गरेको घोषणाले प्रदेशका ७ जना ओलम्पियनहरु निकै उत्साहित भएका छन्। आफुहरुले यो वा त्यो पुरस्कार र पदको लागि भन्दा पनि आफ्नो देशको लागि खेल्दा ढिलै भए पनि प्रदेश सरकारले आफुहरुलाई मासिक भत्ता उपलब्ध गराउने गरेको निर्णयले आफुहरु निकै उत्साहित भएको ओलम्पियन भगवती खत्रीले बताइन्। आलम्पिनयहरुको पुनर्रमिलन कार्यक्कमले आफुहरुको महत्व र पहिचान भएको बताउदै गण्डकी प्रदेशकी ओलम्पियन खत्रीले आफुहरु अझै पनि खेलकुदमा केही गरौं भन्ने थप उर्जा आएको बताइन्।

गण्डकी प्रदेशका ७ जना ओलम्पिनहरु मध्य ६ जना पोखरामा ओलम्पियनहरुको भेलामा सहभागि भएको उनले बताइ। नेपाल ओलम्पियन्स संघको आयोजनामा पोखरामा पहिलो पटक आयोजना भएको ओलम्पियनहरुको भेटघाट तथा पुनर्मिलन कार्यक्रममा सहभागि हुन प्रदेशका ६ जना ओलम्पियनहरु सहभागि भएका हुन्।प्रदेशका ओलम्पियन नारायण गुरुङ बिषेश कारणले गर्दा सहभागि हुन सकेनन्। गण्डकी प्रदेशबाट सहभागि टिका वोगटी एथ्लेटिक्सबाट २ वटा ओलम्पिकमा सहभागि भएकी हुन्। उनले १९८८ दक्षिण कोरियाको सिओल र १९९६ को अमेरीकाको एट्लान्ट ओलम्पिकमा सहभागि भइन्। त्यसै गरी कास्कीका तेक्वान्दो खेलका खेलाडी नारायण गुरुङ स्पेनको बार्षिलोनामा भएको ओलम्पिकमा सन १९९२ मा सहभागि भएका थिए। त्यसै गरी गण्डकी प्रदेशका ऋषिराम प्रधान सन १९८८ को सिओल ओलम्पिकमा सहभागि भए भने गोर्खाका प्रधान जुडो खेलबाट ओलम्पिकमा सहभागि हुनु। गण्डकीका सिताराम शाही सन १९९६ को अमेरिकाको एट्लान्ट ओलम्पिकमा सहभागि भएका थिए। तनहुँका शाही पौडी(सुइमिङ) खेलका खेलाडी हुनु। त्यस्तै सन २००० मा अष्ट्रेलियाको सिड्नी ओलम्पिकमा गण्डकी प्रदेशबाट भवगती खत्री सहित ज्ञान बहादुर बोहरा सहभागि भए। बागलुङ्की खत्री सुटिङ र गोर्खाका बोहरा भने एथ्लेटिक्सबाट ओलम्पिकमा सहभागि भएका थिए। त्यस्तै गण्डकीका अर्को राजेन्द्र भण्डारी २००४ को ग्रिसको एथेन्स ओलम्पिकमा सहभागि भएका थिए। तनहुँका भण्डारी एथ्लेटिक्सबाट ओलम्पिकमा सहभागि भएका हुन।

उनी ११ औं साफमा नेपालको लागि स्वर्ण पदक दिलाउने खेलाडी हुनु।

## वातावरण पत्रकारिता पुरस्कार पोखराका कृष्णमणी बराललाई

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

नेपाल वातावरण पत्रकार समूह (नेवापस) ले 'विश्व वातावरण दिवस–जून ५' को अवसरमा विगत साढे तीन दशकदेखि प्रदान गर्दै आएको वातावरण पत्रकारिता पुरस्कार-२०२२ पोखराका पत्रकार कृष्णमणी बराललाई प्रदान गर्ने निर्णय गरेको छ।

अन्नपूर्ण दैनिकमा पोखराबाट कार्यरत पत्रकार बराललाई नगद २५ हजार, प्रमाण-पत्र प्रदान गर्ने छ।

समूहले प्रत्येक वर्षको जुन ५ (विश्व वातावरण दिवस) मा



पत्रकारहरुको प्रोत्साहनका लागि वातावरण पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ। सन् २०२२ भरि वातावरण र दिगो विकासका विषयमा पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनमा प्रकाशित-प्रसारित सामग्री र कार्यक्रमहरु मध्येबाट छनौट गरी सान्दर्भिकता, मौलिकता, भाषा शैली र तथ्य-तथ्याङ्क आधारमा मूल्याङ्कन गरेर यो पुरस्कार प्रदान गर्ने निर्णय भएको हो।

पुरस्कारका लागि समूहले पत्रकारहरुलाई सन् २०२२ भरिका आफ्ना लेख-रचना तथा कार्यक्रम समावेश गरी आवेदन दिन आह्वान गरेको थियो।

समूहका पूर्व अध्यक्ष राजेन्द्र दाहालको संयोजकत्वमा समूहका पूर्व माहासचिव रमेश भुषाल र विज्ञ सदस्य डा. हुम गुरुङ सम्मिलित तीन सदस्यीय निर्णायक मण्डलको शिफारिसका आधारमा पुरस्कारको निर्णय गरिएको हो। समूहद्वारा स्थापित 'वातावरण पत्रकारिता पुरस्कार-२०२२' पाउने बराज ३६ औं पत्रकार हुनुहुन्छ। यो पुरस्कार समूहको आगामी साधारणसभाको दिन हस्तान्तरण गरिने छ।

## गण्डकीमा सुरुङ मार्ग : घोषणामाथि घोषणा

रासस
गण्डकी, २२ जेठ

गण्डकी प्रदेश सरकारले पाँच सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको छ। आइतबार सार्वजनिक आउँदो आव २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा तनहुँको भिमाददेखि नवलपुरको डेढगाउँ, डेढगाउँ-झ्यालबास, बागलुङ्को बिहुँ-नरेठाँटी, म्याग्दीको दानादेखि मुस्ताङको घाँसा र लमजुङको शीतलपाटी-नाल्फाफेँदी सुरुङ मार्गको सम्भाव्यता अध्ययन गरिने उल्लेख छ।

यीमध्ये सङ्घ सरकारको बजेटमा परेर पनि कार्यान्वयन हुन नसकेको बागलुङ्को बिहुँ-नरेठाँटी जोड्ने सुरुङ मार्ग प्रदेशको नीति तथा कार्यक्रममा पनि समेटिएको हो। वर्षौंदेखि चर्चामा रहेको उक्त सुरुङ मार्गको सम्भाव्यता अध्ययन हुन नसकिरहेका बेला प्रदेश सरकारले थप चार स्थानमा सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको हो। मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत पर्ने उक्त सुरुङ मार्गको सम्भाव्यता अध्ययनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चालु आवमा रु ५० लाख बजेट छुट्टाएको थियो। आव सकिनै लाग्दा पनि उक्त सुरुङ मार्ग आयोजनाको प्रारम्भिक अध्ययनसमेत हुन सकेको छैन। काठेखोला गाउँपालिका-५ बिहुँदेखि गलकोट नगरपालिका-२ नरेठाँटी जोड्ने उक्त सुरुङ माग बनेमा लोकमार्गमा घण्टौँ लाग्ने यात्रा केही मिनेटमा छोट्टिनेछ। पर्यटक तथा सर्वसाधारणको आउजाउदेखि त्यस क्षेत्रको आर्थिक/सामाजिक विकासमा उक्त सुरुङ मार्गले महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ। बागलुङ-२ का सासंद देवेन्द्र पौडेलले बजेट अभाव देखाएर मन्त्रालयले काम अगाडि नबढाएको बताउनुभयो। "रातो किताबमै परेको आयोजना हो, अहिलेसम्म अध्ययनको काम अगाडि बढ्नुपर्ने हो, तर मन्त्रालयले बजेटको समस्या देखाउने गरेको छ", उहाँले भन्नुभयो, "यसमा हामीले पनि सुरुदेखि नै पहल गरिरहेका छौँ।"

केही वर्षअघि परामर्शदाता कम्पनीका प्रतिनिधि आएर सुरुङ मार्ग बन्ने ठाउँको स्थलगत अवलोकन गरे पनि सम्भाव्यता अध्ययनको काम अघि नबढेको स्थानीयवासीको भनाइ छ। सङ्घ सरकारको प्राथमिकतामा परेको कास्कीको हेम्जा-नयाँपुल सुरुङ मार्गको पनि अझै विस्तृत सम्भाव्यता अध्ययन हुन सकेको छैन। पोखरा-बागलुङ राजमार्गमा पर्ने उक्त सुरुङ मार्ग बनेमा डेढ घण्टाको सडक मार्ग १५ मिनेटमा समेटिनेछ। अहिले हेम्जा-नयाँपुलको दूरी ४० किमी छ। सुरुङ मार्गले त्यसलाई सातदेखि आठ किमीमा घटाउने अनुमान गरिएको छ। यसले प्रदेश राजधानी पोखरालाई पर्वतसहित धौलागिरिका चारै जिल्लालाई जोड्छ। सडक विभागका सुरुङ मार्ग हेर्ने इन्जिनियर सोनी श्रेष्ठले हेम्जा-नयाँपुल सुरुङ मार्गको विस्तृत सम्भाव्यता अध्ययन छिट्टै सुरु हुने जानकारी दिनुभयो। "पूर्वसम्भाव्यता अध्ययनको रिपोर्ट आइसकेको छ, अब विस्तृत सम्भाव्यता अध्ययनको काम अगाडि बढ्छ", उहाँले भन्नुभयो, "अध्ययनमै समय लाग्छ, प्रतिवेदन आउनुपर्‍यो, सुरुङ मार्ग निर्माण कहिले र कसरसुरु हुन्छ यसै भन्न सकिँदैन।" उक्त सुरुङ मार्ग अध्ययनका लागि सङ्घ सरकारले चालु आवमा रु एक करोड ५० लाख बजेट छुट्टाएको थियो। सुरुङ मार्ग अध्ययनका लागि परामर्शदाता कम्पनीसमेत छनोट भइसकेको विभागले जनाएको छ। यसरी नयाँनयाँ सुरुङ मार्गको सम्भाव्यता अध्ययनको घोषणा गर्ने तर समयमा कार्यान्वयन नहुने प्रवृत्तिप्रति सर्वसाधारण बेखुसी छन्। घुमाउरा सडक भएका पहाडी भूगोलमा सुरुङ मार्ग निर्माण गर्ने सङ्घ सरकारको नीतिलाई प्रदेशले पनि पछ्याएको हो। सडक विभागले 'सुरुङ मार्ग विकास कार्यक्रम'मार्फत सुरुङ मार्गको निर्माण र सम्भाव्यता अध्ययनको काम गर्दै आएको छ। स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिइएको नीति तथा कार्यक्रममा प्रदेश सरकारले सुरुङ मार्गदेखि गाँजा खेतीको सम्भाव्यता अध्ययनसम्मको योजना अघि सारेको हो। औषधीजन्य तथा उद्योगजन्य कच्चा पदार्थ उत्पादन प्रयोजनका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गरिने नीति कार्यक्रममा उल्लेख छ। गाँजा र स्थानीय मदिरालाई 'ब्राण्डिङ' गरेर बजारमा बेच्ने प्रदेश सरकारको लक्ष्य छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आशिर्वाद क्लवमा घाउ र फिर्ता ल्याउन मिल्छको चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ




मेरो पिंठिउँमा घाउ छ भन्ने थाहा पाएँ। कहिले नआउने मान्छे धाप मार्न आएको छ। अप्ठारोमा कसैले साथ दिंदैन मलाई भन्ने लगायतका वाणीहरु पस्केर उपस्थित सवैलाई मन्त्रमुग्ध पारे प्रतिक रोदनले । गजल मात्र पस्केनन् रोदनले समाजको चित्रण गरे। राजनीतिको वर्तमान अवस्था छर्लङ्ग पारे ।

भ्रष्टचारीलाई लज्जासपद हुने गरी स्वर्ण मुखारवाट मिठा वाणी पस्केर वडा १३ कै वासिन्दाहरुलाई गजल मय वनाए । आशिर्वाद युवा क्लब पोखरा वडा नं १३ दुधपोखरी चोकमा नेपाली साहित्य क्षेत्रका प्रतिष्ठित गजलकार प्रदिप रोदनलाई निमन्त्रण गरेको थियो। सोही निमन्त्रणमा शनिवार साँझ साहित्यिक साँझमा गजल मय बनाएका हुन् । त्यसैगरी सोही दिन उदयमान कवियत्रीले यसरी आफ्नो भावना पस्किन।

फिर्ता ल्याउन मिल्छ ?

कोमल हृदय टुटेको छ फिर्ता ल्याउन मिल्छ ?

मेरो भाग्य फुटेको छ फिर्ता ल्याउन मिल्छ।

उद्देश्य छुन लम्की रहे घोडासरी तालदिंदै

वाल्यकाल छुटेको छ फिर्ता ल्याउन मिल्छ ?

अनेकौं काम गर्न वलिदान दिए पैसाको पानी सरी

उसले सपाना लुटेको छ फिर्ता ल्याउन मिल्छ ?

सम्भवत वडा न १३ मा गजल मय वनेको पहिलो पटक होला। १५ श्रष्टा भन्दा वढिले आफ्ना भवना पस्केर उपस्थित सवै दर्शकका आँखामा पिरदेखी खुशीका आँसु भरीदिए। भवना पस्कने क्रममा लेक सिटी कलेजमा विए तेस्रो वर्षमा अध्ययनरत प्रतिमा पौडेलले हृदय फुटेपछि कुनै हालतमा फिर्ता ल्याउन मिल्दैन भन्ने गजलले सवैको वा वा पाएकी थिइन।

पोखरा वडा नं १३ का युवाहरु मिलेर केही वर्ष अगाडि स्थापना गरिएको क्लब हो आशिर्वाद युवा क्लब। क्लबले नेपाली भाषा, साहित्य, संस्कृति संरक्षण, जगेर्ना तथा प्रवर्द्धन गर्ने उद्देश्यले आशिर्वाद साँझ संचालन गरेका हो। पोखराका उदाँउदा गजलकार द्धय त्रुपक र प्राञ्जलको विशेष रचनाले अझ कार्यक्रम ततायो। गण्डकी प्रदेशका निवर्तमान मुख्य मन्त्री खगराज अधिकारीले चारलाइन भावना पस्केर साहित्यमय साँझमा थप रौनक ल्याए। उता अफ्नो पालाको जुजारु कवि नुवारज वरालले पनि साहित्य साँझलाई थप रौनक थपे। आशिर्वाद युवा क्लब पोखरा वडा नं १३ का अध्यक्ष रवि वराल(अजय)को अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक एवं क्ववका उपाध्यक्ष मनिष वरालले स्वागत र गजलकार द्धय प्रतिमा पौडेल र सागर अधिकारीले साहित्यमय भाकामा कार्यक्रम संचालन गरेका थिए।

त्यसैगरी सेही दिन क्लबले जेठ २-१० गते सम्म आयोजोना गरेको अनलाईन गजल प्रतियोगिताका विजेता र उपविजेतालाई पनि पुरस्कृत गरिएको क्लवको इन्चार्ज विक्रम वरालले वताए । कार्यक्रममा क्लवलाई स्थापनाको समय देखी सहयोगी गुच्छाहरु पस्कने वडा नं १३ का निवर्तमान अध्यक्ष दर्शन लामा सँगै क्लवलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने अभिभावकहरुलाई पनि सम्मान गरिएको इन्चार्ज वरालले जानकारी गराए।

# 'उद्यमी अनुदानमा बिभेद भएको गुनासो'

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २२ जेठ



पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालय गण्डकी प्रदेशले आयोजना गरेको एक कार्यक्रममा महिला उद्यमीहरुले अनुदानमा विभेद हुनेगरेको गुनासो गरेका छन्।

उद्योग वाणिज्य क्षेत्रका व्याक्ति पदाधिकारीहरु सगँ अन्तरक्रिया कार्यक्रममा महिला उद्यमीहरुले सक्कली भन्दा नक्कली उद्यमीहरुलाई अनुदान वितरण गरेर विभेद गरिएको गुनासो व्यक्त गरेका हुन्। राजनीतिक आडमा सरकारले वितरण गर्ने अनुदानमा काम गर्नेलाई भन्दा काम नगर्नेलाई वितरण हुँदा सक्कली उद्यमी मर्कामा परेको दुखेसो उनीहरुको थियो। वालिङकी उद्यमी महिला दुर्गा न्यौपानेले राजनीतिक आडमा काम नगर्ने व्याक्तिलाई अनुदानका सामाग्री तथा रकम दिनेगरेको तथ्याङ्क आफुसगँ रहेको खुलासा गरिन्।

गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयका सचिवको सहभागितामा भएको अन्तरक्रिया कार्यक्रममा महिला उद्यमी न्यौपाने लगायत आधा दर्जन महिलाहरुले मुल्याङ्कनका आधारमा अनुदान वितरण गर्न ध्यानाकर्षण गराएका थिए। बैंक तथा वित्तिय संस्थाहरुले कोभिडका बेला प्रदेश सरकारले दिएको सहुलियत कर्जामा समेत अनियमिता भएको न्यौपानेको आरोप छ।

झोले व्यपारीलाई सहुलियत कर्जा प्रवाह गरेर बैंकहरुले उद्यमी गरेका महिलाहरुलाई यस्तो सेवाबाट बन्चित गरेको गुनासो उनीहरुको छ । उनीसगै अर्की महिला उद्यमी भगवती पराजुलीले उद्यममा कर्मशिल महिलाहरुले तालिम, गोष्ठि र सेमिनार कार्यक्रम समेत थाहा नपाउने गरिएको बताइन् । पहुँचवाला र राजनीतिक आडमा आफ्ना मान्छेहरुलाई मात्रै त्यस्ता कार्यक्रममा सहभागी गराउने गरेको उनको गुनासो थियो।

लामोसमय देखी व्युटिसियन गर्दै आएकी दुर्गा थापाको पनि गुनासो उस्तै थियो। कम्तिामा काम गरिरहेका महिला उद्यामीहरुलाई तालिम र अनुदानमा सहभागी गराउनुहोस उनले भनिन्,'जसले उद्यमी महिलाहरुलाई व्यवसायमा थप प्रोत्साहन मिल्नेछ।' कस्ता व्याक्तिले अनुदान पाउने हो मापदण्ड बनाउनुहोस उनले भनिन् । मापदण्ड नहुँदा आयआर्जनमा नजोडिएका व्यक्तिले अनुदान पाउन थालेका छन् जसले सरकारले ल्याएको नीति तथा कार्यक्रमको दुरुपयोग भएको थापाको भनाई थियो।

अन्तरक्रियामा वालिङ उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अनुपमा ढुङ्गाना, मन्जु केसीले अनुदान वितरणमा मनपरी भएको भन्दै मापदण्ड बनाएर मात्रै वितरण गर्न आयोजकलाई सुझाएका थिए । महिलाहरु उद्यमी बन्न धेरै चाहेका छन् भन्दै उनीहरुले हामीसगँ भएको साधन र श्रोतको पहिचान गरेर तालिम दिन आग्रह गरे। महिला उद्यमीहरुले उठाएको गुनासोले आफु गम्भिर बनेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशका सचिव गुमान सिंह गुरुङ्ले बताए । आगामी दिनमा यस्ता कार्यक्रममा सबै संवेदनशिल बन्नुपर्ने निर्देशन दिदै बस्तुस्थिती बुझेर मात्रै कार्यक्रम अगाडी बढाउन आग्रह गरे।

गण्डकी प्रदेश सरकारले एक पालिका, एक औद्योगीक ग्रामको अवधारणा अगाडी सारेको छ । औद्योगीक ग्राम बाट उत्पादन र बिक्रिलाई एउटै थलोबाट कारोवार गर्न सहजता गराउने उदेश्य लिएको छ । वालिङ नगरपालिकाले औद्योगिक ग्राम बनाउन ढिलाई गर्दा काम गर्न चाहेका महिला उद्यमी तथा पुरुष व्यवसायीले काम गर्न नपाएको मन्त्रालयको भनाई छ। कार्यक्रममा वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँण र कविता तिवारीले छिट्टै औद्योगिक ग्राम संचालन गर्नेतर्फ ध्यान दिने प्रतिवद्धता व्यक्त गरेका छन्। अन्तरक्रियमा निर्देशनालयका निर्देशक प्रविण ढकाल, अधिकृतहरु रामप्रसाद आचार्य, शिवजी बराल, ठाकुर प्रसाद ढकाल, प्रदिप रेग्मी र नारायण प्रसाद ढकालले बाणिज्य क्षेत्रको विकास तथा विस्तारमा सबै सरोकारवालाहरुले चासो दिएमा समृद्ध प्रदेश बन्नेमा सुझाव दिएका थिए । वालिङ उद्योग वाणिज्य संघ, वालिङ चेम्वर अफ कर्मस, महिला उद्यमी, होटल व्यवसायी, घरेलु उपभोक्त महासंघ, पत्रकार लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो।

# अन्तर्राष्ट्रिय संग्रहालयमा विश्व वातावरण दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ



अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखरा १७ रातोपहिरोमा सोमबार विश्व वातावरण दिवस मनाइएको छ।

कास्कीका सिडिओ वासुदेव घिमिरेले विरुवा रोपेर कार्यक्रम सुरुआत गरे। कार्यक्रममा सिडियो घिमिरेले सय वर्षको परिवर्तन चाहने हो भने वृक्षरोपण गर्नुपर्ने विचार राखे । सजीवको स्वाशप्रश्वासदेखि जीवनयापनका धेरै पक्षमा वोटविरुवाको महत्व हुने उनको जनाए। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले विद्यालय तहबाटै प्रकृति संरक्षण अध्यापन गराउनुपर्नेमा जोड दिए। उनले समाज, देश र विश्वकै वातावरण स्वच्छ बनाउन सकेमात्र मानव अस्तित्व र विश्वको आयु लामो हुने उल्लेख गरे। वर्ड सोसाइटी पोखराका अध्यक्ष मनशान्त घिमिरेले बर्सेनी धेरै चरा लोप हुँदै गएको उल्लेख गर्दै मानव र जीवजन्तुको सहकार्यले मात्र सुन्दर संसार बन्ने बताए। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले रुखविरुवा बृक्षारोपणसंगै संरक्षणमा पनि ध्यान दिनुपर्ने बताएका थिए । संग्रहालयका कार्यकारी निर्देशक निर्मला न्यौपानेले वातावरण बचाउन कुनै दिवसको आवश्यकता नपर्ने बताइन्। 'वातावरणको महत्व हामी सवैले बुझेका छौ' उनले भनिन, 'बेलाबेलामा यसको महत्वबारे सम्झाउन यस्ता दिवसको पनि आवश्यकता पर्दछ।' उनले संग्रहालय परिसरमा विभिन्न जातका विरुवा रोपेर वातावरण दिवस मनाइएको बताइन् । वातावरण दिवसको अवसरमा प्रजिअ घिमिरे लगायत सम्पूर्ण सहभागीले बृक्षारोपण गरेका थिए । सोही कार्यक्रममा रसियन नागरिक डायना सार्किजानवा पनि विरुवा रोपेकी थिइन्।

# हरिला अन्नपूर्णको चुचुरोमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ जेठ

छ महिनाको अवधिमा विश्वमा रहेका आठ हजार मिटर अग्ला १४ वटा हिमालको आरोहण गरेर कीर्तिमान बनाउने अभियानमा रहेकी नर्वेजियन पर्वतारोही क्रिस्टिल हरिला आज म्याग्दीस्थित अन्नपूर्ण प्रथम हिमालको चुचुरोमा पुग्नुभएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्णसहित हरिलाले आठवटा हिमालको सफल आरोहण गरिसक्नुभएको छ। सोमबार बिहान ६ बजे हरिला र पाँचजना नेपाली पर्वतारोहीले अन्नपूर्ण हिमालको सफल आरोहण गरेका सेभेन समिट ट्रेक्सका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईंले बताउनुभयो । हरिला सेभेन समिटमार्फत अन्नपूर्ण आरोहण गर्न जेठ १९ गते आधार शिविर पुग्नुभएको थियो। हरिलासँगै तेन्जिन शेर्पा, पासाङनेर्बु शेर्पा, लेक्पा तेम्बा शेर्पा, मिङ्मा तेन्जिन शेर्पा र लेक्पा ज्याल्जिन शेर्पाले अन्नपूर्णको सफल आरोहण गर्नुभएको गुरागाईंले बताउनुभयो। मौसम सफा र अनुकूल भएकाले हरिलालाई अन्नपूर्ण आरोहणका लागि धेरै समय पर्खनु परेन।

अन्नपूर्ण जानुअघि हरिलाले एक हप्ताअघि म्याग्दीमै रहेको आठ हजार एक सय ६७ मिटर अग्लो धवलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो।


## नागरिकका कर्तव्य

◆ राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

◆ संविधान र कानूनको पालना गर्नु,

◆ राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

◆ सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरीलिअस्

**सम्पादकीय**

# जघन्य अपराध नलुकाऊ

आर्थिक वर्ष २०८०/८१ को आर्थिक विधेयक तयार गर्ने क्रममा करका दरहरु माथि हेरफेर गर्दा शंकास्पद व्यक्तिको संलग्नता रहेको खुलेको छ । सार्वजनिक भएका कतिपय क्षेत्रका करका दरहरुले पनि केही सन्देह गर्ने ठाउँ छाडेको थियो । यसका लागि सरकारको खास मान्यता, सिद्धान्त वा प्राथमिकताले काम गरेको हुन्छ । कुनै खास व्यापारिक समूहको पक्षमा वा कतिपय निश्चित व्यक्तिलाई लाभ पुग्ने गरी करका दरहरु चलाइएको स्पष्ट छ । यसले अर्थ मन्त्रालयमा अनधिकृत व्यक्तिको प्रवेश किन भएको थियो भन्नेमा थप सन्देह गर्ने ठाउँ दिन्छ ।

कर्मचारी र राजनीतिक नेतृत्वको संलग्नतामा देशविरुद्ध गरिएको कुकर्म हो । अर्को अर्थमा कर निर्धारण गर्ने अधिकार पाएका व्यक्तिले मुलुकको कर प्रणालीमाथि गरेको हदैसम्मको अनैतिक काम हो । कस्तोसम्म कसूर भएको छ भने करका दरहरुमा के-के हेरफेर हुँदैछ भन्ने अग्रिम जानकारी कतिपय व्यक्ति र व्यावसायिक समूहहरुलाई पहिल्यै दिइएको थियो । बजेट आउनुअघिको दुई साताको अवधिभित्र मात्रै ११ सयभन्दा बढी संख्याका विद्युतीय गाडी नेपाल भित्रिन सम्भव थिएन । यसरी भित्रिएका गाडीहरुमध्ये अधिकांशमा भन्सार र अन्तःशुल्क मात्रै १५ प्रतिशत वृद्धि भएको छ । यसबाट मात्रै मुलुकले झण्डै एक अर्ब राजस्व गुमाएको छ ।

बजेटका प्रस्तावित व्यवस्थाहरु माथि संसदमा छलफल गरेर सरकारलाई आफ्नो राय दिने अधिकार सांसदहरुलाई छ । तर, बजेट र आर्थिक विधेयक सरकारको 'विशेष अधिकार' हो । संसदले समेत यसमा कुनै परिमार्जन नगरी पारित गर्नुपर्छ । बजेट संसदले पारित नगरे सरकारसँग विश्वासको मत छैन भन्ने अर्थ लाग्छ र सरकार ढल्छ । बजेट वक्तव्य र यससँग आउने कानुनहरु तत्काल लागू हुन्छन् । संविधान र कानुनले यसको मस्यौदा गर्ने र गोपनीयता कायम गर्ने अधिकार अर्थमन्त्रालय मार्फत नेपाल सरकारलाई दिएको छ । आर्थिक विधेयकमा विभिन्न करका दरहरु समावेश हुन्छन् । यो तत्कालै कार्यान्वयनमा आउने हुँदा ती सूचना गोप्य र संवेदनशील मानिन्छन् ।

ती सूचना चुहावट हुँदा सम्बन्धित व्यक्तिले लाभ लिने, मुलुकले राजस्व गुमाउने र करका दरहरुमा हुनुपर्ने आवश्यक गोपनीयता कायम नरहने सम्भावना समेत हुँदा यसलाई गम्भीर कसूर मानिनुपर्छ । यस्ता घटनामा आवश्यक छानबिन नगर्ने हो भने संविधान र कानुनको उल्लंघन त हुन्छ नै र संसदीय पद्धतिमाथिको विश्वसनीयता समेत कमजोर हुनपुग्छ । यसअघि पनि बजेट वक्तव्य तयार गर्ने क्रममा अनधिकृत व्यक्तिको प्रवेशको विषयमा प्रश्न उठेपछि तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले राजीनामा त दिए । तर, दलीय प्रतिनिधित्वका आधारमा बनेको संसदीय समितिले बहुमतका आडमा उनलाई उन्मुक्ति दियो । बहुमतको बलमा सत्य छोप्ने काम हुनुहुदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# गलकोटमा रोपाइँको चटारो

पोखरापत्र संवाददाता
बागलुङ २२ जेठ

बागलुङको गलकोटका किसानलाई असार नलाग्दै रोपाईंको चटारो छ । सिञ्चित र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो हुन्छ ।

जिल्लाकै धेरै धानखेती हुने गलकोटमा मध्य जेठबाटै रोपाइँ सुरु भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । गलकोटको दुदिलाभीटी, नरेठाँटी र हरिचौरमा रोपाइँ सुरु भएको गलकोट नगरपालिका-२ का अध्यक्ष हिमबहादुर भण्डारीले बताउनुभयो । "खोलाको पानी चिसो हुने ठाउँमा जेठको पहिलो सातादेखि रोपाइँ सुरु भयो, केही फाँटमा भने जेठको अन्तिम सातादेखि रोपाइँ हुन्छ", भण्डारीले भन्नुभयो, "गलकोटमा औसत रोपाइँ जेठमै हुन्छ ।" कृषि ज्ञानकेन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बाह्रैमास सिँचाइ सुविधा पुगेका र खोला आसपासका खेतमा रोपाइँ छिटो हुने गरेको बताउनुभयो । गलकोटमा भइरहेको रोपाइँ धेरै छिटो र बीउ कलिलो भएकाले उत्पादनमा क्षति हुने उहाँको धारणा छ । "यस वर्ष वर्षा पनि भइरहेकाले रोपाइँलाई सबैतिर सहज हुनेगरी बीउ तयार भएको छ", उहाँले भन्नुभयो, "असारसम्ममा अधिकांश ठाउँमा रोपाइँ सकिसक्छ ।" यसक्षेत्र भएर बग्ने दरमखोला र गौंदी खोलाको पानीले यहाँको ठूलो उब्जाउ भूमिलाई सिञ्चित गर्ने भएकाले रोपाइँ छिटो हुने गरेको हो । नेपालमा सामान्यतया अङ्ग्रेजी महिना जुन १० मा मनसुन भित्रिने गरे पनि कहिलेकाहीँ भने अलि छिट्टै मनसुन सक्रिय हुने गर्छ । कृषि ज्ञान केन्द्रका अनुसार गलकोटसहित कुश्मीसेरा, खरबाङ, निसी, बुर्तिबाङलगायतका क्षेत्र छिटो रोपाइँ हुनेमा पर्छन् । रोपाइँ हुने मुख्य महिना असार भए पनि ती ठाउँमा पहिल्यै रोपाइँ सुरु भइसक्छ । मकैबाली हुने खेतमा भने किसानले मकै भित्र्याएपछि असार अन्तिम र साउनसम्मै रोपाइँ गर्छन् । बागलुङको दक्षिण अमलाचौर, नारायणस्थान, बिहुँ, पाला, मालिका, बुर्तिबाङको उपल्लो भेगलगायतका ठाउँमा भने रोपाइँ ढिलो हुन्छ । असार लागेपछि रोपाइँ भएको क्षेत्रको विश्लेषण गरेर नियमित तथ्याङ्क निकाल्ने गरिएको छ । जिल्लाको कूल छ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ । त्यसमध्ये १० हेक्टरमा मात्र चैते धान लगाइन्छ । "यस वर्ष धानखेती हुने क्षेत्रफल बढ्ने अनुमान छ", प्रमुख भट्टराईले भन्नुभयो, "उन्नत जात कम र स्थानीय जातकै धानमा किसानको बढी आकर्षण देखिन्छ, जिल्लाभर धानखेती हुने जमिनको तथ्याङ्कमा पनि घटबढ भइरहेको पाइन्छ, यसलाई हामी अध्यावधिक गर्ने चरणमा छौं ।"

# घारखोला जलविद्युत् अयोजनाको भौतिक संरचनाको परीक्षण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २२ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको भौतिक संरचनाको परीक्षण सुरु गरिएको छ । म्याग्दी हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको उक्त आयोजनाको भौतिक संरचना निर्माण सकेर परीक्षण सुरु गरिएको हो ।

बाँध र डिसेन्डर (पानी थिग्राउने पोखरी)मा पानी हालेर आइतबारदेखि परीक्षण थालिएको आयोजनाका जनसम्पर्क अधिकृत प्रकाशचन्द्र पौडेलले बताउनुभयो । उहाँका अनुसार आयोजनाको विद्युत् गृहमा उपकरण जडानको काम अन्तिम चरणमा पुगेको छ ।

"डिसेन्डर, एप्रोच क्यानल, टनेल, पेनस्टकको क्रमैसँगै परीक्षण हुन्छ," पौडेलले भन्नुभयो, "भौतिक संरचनाको अवस्था ठिक भए/नभएको पहिचान गर्न पानी हालेर परीक्षण गरिएको हो ।" अबको १५ दिनभित्र विद्युत्को परीक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित भौतिक संरचनाको परीक्षणका साथै उपकरण जडान, प्रसारण लाइन र स्विचार्ड निर्माणलाई अन्तिम रुप दिन लागिएको जनसम्पर्क अधिकृत पौडेलले बताउनुभयो ।

अन्नपूर्ण गाउँपालिका-५ शिख र ६ घारको सिमानामा पर्ने कुरिलाबगरमा जगदेखि ११ मिटर अग्लो बाँध निर्माण भएको छ । जनसम्पर्क अधिकृत पौडेलका अनुसार बाँध र ४५ मिटर लम्बाइको दुई वटा पानी थिग्राउने पोखरी (डिसेन्डर)मा पानी हालिएको हो । "डिसेन्डरदेखि सुरुङसम्म दुई सय ४८ मिटर लामो डिसेण्डर एप्रोच क्यानल जडान भएको छ । बाँध, डिसेन्डर र एप्रोच क्यानलको दोस्रो चरणको परीक्षण गर्न लागिएको छ", उहाँले भन्नुभयो । तीन हजार पाँच मिटर लामो सुरुङ पानी बगाएर परीक्षणका लागि तयार भएको छ । अमिलाकाफलमा रहेको आउटलेटदेखि विद्युत् गृहसम्म चार सय ८५ मिटर पेनस्टक पाइप जडान भएको छ । आउटलेटदेखि विद्युत्गृहको दुरी एक हजार दुई सय मिटर र उचाइ चार सय ८५ मिटर छ । पोखरेबगर स्थित गोजेखोल्सीमा पहाड काटेर विद्युत्गृहको भवन निर्माण सकिएको छ । विद्युतगृहमा टर्बाइन, जेनेरेटरलगायत इलेक्ट्रोमेकानिकल तर्फका उपकरण जडान गर्ने काम अन्तिम चरणमा पुगेको आवासीय इन्जिनियर जोसेप बज्राचार्यले बताउनुभयो । उहाँका अनुसार इलेक्ट्रिकल ठेकेदार सिमर इनर्जी प्रालि इण्डिया, हाइड्रोमेकानिकल ठेकेदार सिई हाइड्रोमेकानिकल वर्क प्रालिका प्राविधिकले विद्युत् गृहमा उपकरण जडानको काम गरिरहेका छन् । सिभिल ठेकेदार साउथ एसियन इन्फास्ट्क्चरले भौतिक संरचना निर्माण सकेको इन्जिनियर बज्राचार्यले बताउनुभयो । "पोखरेबगरदेखि दुई सय २० केभी क्षमताको दाना सव स्टेशनसम्म आठ किलोमिटर ३३ केभीको डबल सर्किट प्रसारण लाइनको पोल गाड्ने र सबस्टेशनमा सिभिल संरचना बनाएर तार तान्ने काम अन्तिम चरणमा पुगेको छ । विद्युत् गृहको नजिकै स्वचार्ड बनाउने काम भइरहेको छ", उहाँले भन्नुभयो ।

# वातावरण दिवस मनाए बाल कल्याण र वेसलाइन स्कूलमा

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

विश्व वातावरण दिवसको अवसरमा वडा नं १३ का दुई विद्यालयले जनचेता र्याली र वृक्षारोपण गरी मनाएका छन् ।

बाल कल्याण स्कूलले जनचेतना र्याली र बेसलाइन एकेडेमी स्कुलले विजयपुर बाँध जिमिरमा ७५ वटा विभिन्न जातका विरुवाहरु रापेको मनाएका हुन । बाल कल्याण स्कूलले विद्यालयवाट सुरु गरेको र्याली भद्रकाली चोक, बाँफापटन हुँदै काहुँखोलावाट परिक्रमा गरी गौडाकोमुखमा पुगी कोण सभामा परिणत भएको थियो । र्यालीमा विद्यार्थीहरुले वातावरण सचेतना मुलक प्लेकार्ड बोकेका थिए । बाल कल्याण वाल क्लवको सक्रियतामा कार्यक्रम भएको थियो । क्लवकी अध्यक्ष उन्नती गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थी इभा गुरुङ र क्रिष्टी तामाङले



वातवरणीय सम्वाद पस्केका कार्यक्रममा कृतिका पौडेल र विनीता नेपालीले वातावरणको वारे जनचेतना मुलक सन्देश सुनाएको कार्यक्रममा गोमा गुरुङले संचालन गरेकी थिइन् । कार्यक्रममा बाल कल्याण स्कूलका प्रधानाध्यापक षडानन्द गौतम र पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले वातावरणको वारे चर्चा गरेका थिए । त्यसैगरी बेसलाइन एकेडेमी स्कूलले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा वडा न १३ का वडा अध्यक्ष किरण वरालले पिपलको वोट रोपेर कार्यक्रम शुभारम्भ गरेका थिए ।

वेसलाइन स्कुलका प्रवन्धक निर्देशक षडानन्द गौतमको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयकी निर्देशक शोभालक्ष्मी पौडेल गौतमले स्वागत गरेकी थिइन भने शिक्षक गोपालप्रसाद रिजालले संचालन गरेका थिए ।

# इन्द्रेणीले गर्‍यो गाईघाट स्थित माछापुच्छ्रे दृश्य अवलोकन पार्कमा वृक्षारोपण

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित इन्द्रेणी एकीकृत विकास केन्द्रले ५० औ विश्व वातावरण दिवसको अवसर पारि सोमबार वृक्षारोपण गरेको छ ।

वृक्षारोपण कार्यक्रमा पोखरा १ गाईघाट स्थित माछापुच्छ्रे दृश्य अवलोकन पार्कमा विभिन्न जाताका पाँच सय बढी बोट बिरुवा केन्द्रले रोपेको हो । केन्द्रका अध्यक्ष भानुभक्त अधिकारी, सस्थापक अध्यक्ष राजेन्द्रमण पराजुली र पुर्व अध्यक्ष राम बिक्रम राणाले संयुक्त रुपमा पारिजातको बिरुवा



रोपेर कार्यक्रमको शुभारम्भ गरेका थिए । कार्यक्रममा सामुदायिक सेवा केन्द्र बगरका अध्यक्ष रामप्रसाद अधिकारी, अञ्जुली आवासीय माबिका राजु केसि, स्थानीय संघ सस्थाका प्रतिनिधिहरु, केन्द्रका पुर्व अध्यक्ष, पदाधिकारी कार्य समितिका सदस्य, आजीवन सगै साधारण सदस्यहरुको सहभागिता रहेको थियो ।

केन्द्रले पार्क सगै सोही स्थानमा किरियापुत्री भवन समेत निमार्ण सम्पन्न गरेको छ । जाहा आवासीय रुपमा किरिया गर्न मिल्ने व्यवस्था समेत रहेको केन्द्रका उपाध्यक्ष निरज बिक्रम राणाले जानकारी दिए ।

पार्कलाई पिकनिक खाने सगै अन्य कार्यक्रम गर्न मिल्ने गरि अन्य कामहरु हुदै गरेको राणाले जानकारी दिए ।

# गण्डकी सरकारको प्राथमिकतामा त्रिवेणी-कोरला सडक

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको नीति तथा कार्यक्रममा त्रिवेणी-कोरला सडकलाई प्राथमिकतामा राखिएको छ ।

सरकारका तर्फबाट प्रदेश प्रमुख पृथ्वीमान गुरुङले आइतवार प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा नवलपुर र मुस्ताङ जोड्ने उत्तर दक्षिण मार्ग कोराला-त्रिवेणी सडकसँगै नवलपुरमा हुने औद्योगिक निर्माण मुख्य क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेश प्रमुख गुरुङले कोरला-त्रिवेणी सडकमार्फत दुई छिमेकी राष्ट्र जोड्ने र गण्डकी प्रदेशको समृद्धिको आधार निर्माण गर्न सरकार लागिपरेको बताउनुभयो । आठ वर्षदेखि अलपत्र परेको नवलपुरमा पर्ने दुम्कीबास-गजेन्द्रमोक्षसडकखण्डको निर्माणलाई गति दिन उक्त सडकलाई बजेट सुनिश्चितता गरी वन्यजन्तुमैत्री संरचनासहित तीन वर्षभित्र निर्माण सम्पन्न गर्न विस्तृत आयोजना प्रतिवेदन निर्माणका लागि कार्यारम्भ भएको गुरुङले बताउनुभयो ।

सङ्घ सरकारसँगको समन्वय र स्थानीय तहको सहकार्यमा प्रदेश गौरवको आयोजनाका रूपमा रहेका नवलपुरको लोकाहाखोला, कास्की र तनहुँको पुँडिटारमा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्र स्थापना, व्यवस्थापन तथा सञ्चालनका लागि पूर्वाधार निर्माणका कार्यलाई प्राथमिकता दिइने सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको छ । कालीगण्डकी, मर्स्याङ्दी लगायत करिडोर क्षेत्रमा कृषिमा आधारित एकीकृत विकासलाई प्राथमिकतामा राखेर कार्य प्रारम्भ गरिने उहाँले बताउनुभयो । नवलपुरको डेढगाउँबाट तनहुँको भिमाद तथा नवलपुरको डेढगाउँबाट नवलपुरकै झ्यालबास खण्डमा सुरुङमार्गको सम्भाव्यता अध्ययन गरिने नीति तथा कार्यक्रममा समेटिएको छ । सरकारका तर्फबाट प्रदेश प्रमुख गुरुङले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमका आधारमा रही गण्डकी प्रदेश सरकारले आगामी आव २०८०/८१ का लागि बजेट तयार पार्नेछ । त्रिवेणी-कोरला सडकलाई धार्मिक मार्गसँगै आर्थिक मार्गका रुपमा प्रदेश तथा सङ्घीय सरकारले हेर्दै आएको छ ।


**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. ३ मा हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र संरक्षण नारायण स्थानमा विभिन्न काम गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र संरक्षण नारायण स्थान

**उपभोक्ता समितिको नामः** हिमालयन सिद्ध महायोग ध्यान साधना उपभोक्ता समिति, पोखरा-३, नारायण स्थान

**योजना सम्भौता मिति :** २०७९/११/१५

**योजना सुरु मिति :** २०७९/११/१६

**योजना सम्पन्न भएको मिति :** २०८०/०१/मसान्त

**महानगरपालिका बाट प्राप्त :** १०,००,०००/-

**कुल लागत :** १०,००,०००/-

**विष्णु प्रसाद शर्मा**
अध्यक्ष
हिमालयन सिद्ध महायोग ध्यान साधना उपभोक्ता समिति
पोखरा-३, कास्की

# चालक तथा सहचालकलाई प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभीए) गण्डकी प्रदेशले चालक तथा सहचालकलाई प्रशिक्षण दिएको छ।

पर्यटक यातायात सेवालाई गुणस्तरीय र भरपर्दो बनाउने उद्देश्यका साथ संघसँग आवद्ध १२० जना चालक तथा सहचालकलाई प्रशिक्षण दिइएको संघका अध्यक्ष बाबुराम पाण्डेले जानकारी दिनुभयो।

संघसँग पर्यटक स्तरीय लगभग ४०० को संख्यामा पर्यटक सवारीसाधन रहेको बताउँदै उहाँले वार्षिक कार्ययोजना अनुरुप नै प्रशिक्षण दिइएको बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि एवम् पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटकको आतिथ्यतामा चालक तथा सहचालकको भूमिका




महत्वपूर्ण हुने बताउनुभयो। चालक तथा सहचालकले गर्ने व्यवहारले पर्यटकमा महत्वपूर्ण प्रभाव पार्ने बताउँदै उहाँले सभ्य तथा शिष्ट व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो। आतिथ्यता व्यवस्थापन(हस्पिटालिटी म्यानेजमेन्ट) बारे प्रशिक्षण दिदै संघका पूर्व अध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङले हामीले बोल्ने बोली र गर्ने व्यवहारले सभ्यताको संकेत गर्ने बताउनुभयो। संघका अध्यक्ष पाण्डेको सभापतित्व एवम् प्रथम उपाध्यक्ष दुर्गादत्त दहालले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन महासचिव विकासप्रसाद कंडेलले गर्नुभएको थियो।

कार्यक्रममा अग्नी ग्रुपका प्रमुख रामेश्वर महर्जजन, बजार प्रमुख राजेश रानाभाट, बतास बर्दश (युडिआर) प्रमुख विनोद पोते, प्रहरी बरिष्ठ नायव निरिक्षक शिवप्रसाद पाठकले प्रशिक्षण दिनुभएको थियो।

# पर्वतको कुश्मामा बस दुर्घटना हुँदा १८ जना घाइते

पोखरापत्र संवाददाता
पर्वत, २२ जेठ

म्याग्दीको बेनीबाट पोखरा जाँदै गरेको ना ५ ख ३९९३ नम्बर को बस सोमबार दिउँसो पर्वतको कुश्मामा दुर्घटना हुँदा १८ जना घाइते भएका छन्।

मध्यपहाडी लोकमार्गअन्तर्गत जिल्ला प्रहरी कार्यालय पर्वत अगाडि ओरालोमा बस पल्टिँदा १८ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। दुर्घटनामा नौ पुरुष, सात महिला र दुई बालबालिका घाइते भएका हुन्। उनीहरूको नाम ठेगाना खुलिसकेको छैन। घाइते मध्ये चार जनाको अवस्था गम्भीर रहेको प्रहरी निरीक्षक अविनाशदीप जिसीले जानकारी दिनुभयो।




वडा १३ को सहयोग विद्यालयमाः पोखरा महानगरपालिका वडा न १३ले केही सामुदायिक विद्यालयमा शैक्षिक सामाग्री वितरण गरेको छ। पाँच विद्यालयका दुइ सय ६५ जाना छात्र छात्राहरुलाई विद्यालयमा नै पगेर सो सामाग्री वितरण गरिएको हो। कार्यक्रममा वडा १३ का वडा सदस्य सुचित तामाङ, वडा सचिब अञ्जु गुरुङ, वडा शिक्षा समितिका सदस्य गोविन्द प्रसाद सिग्देल, कृष्ण प्रसाद बराल, वडा बाल कलब मञ्चका संरक्षक सदस्य भिम केसी र समाजसेबी माधब प्रसाद सिग्देल लगायतको समुहको सक्रिय सहभगिता रहेको थियो। गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि शैक्षिक सामाग्री (स्टेसनरी)यस वडा भित्रका रतन पाण्डे मावि, सिमला आधारभुत, बिजय आ बि, अमरज्योति आधार भुत विद्यालय र सिद्धार्थ आधारभुत विद्यालयमा वितरण गरिएको छ।

# माछापुच्छ्रे माविमा विश्व वातावरण दिवस

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

कास्कीको माछापुच्छ्रे-२ स्थित माछापुच्छ्रे माध्यमिक विद्यालयमा क्रियाशील विद्यार्थी समूह 'ग्रीनफोर्स क्लव-माछापुच्छ्रे'ले एक रचनात्मक कार्यक्रम गरी पचासौँ विश्व वातावरण दिवस मनाएको छ।

सो अवसरमा क्लवले विद्यार्थीलाई पूर्व सूचना गरी आफ्नो घर तथा वरपर रहेका फोहर सङ्कलन गरी बुझाउने प्रतियोगिता आयोजना गरेको थियो। सोही क्रममा १०/१० जनाको ३० वटा समूहले ५१९ केजी फोहर संकलन गरी आयोजक समक्ष बुझाएको ' ग्रीनफोर्स क्लव- माछापुच्छ्रे'की अध्यक्ष नम्रता गुरुङले बताइन्। प्रतियोगितामा विजयी समूहलाई अन्नपूर्ण संरक्षण क्षेत्र सार्दिखोला चेकपोस्टका प्रमुख श्रीकृष्ण न्यौपानेले पुरस्कार वितरण गर्नुभयो। मन्तव्यका क्रममा न्यौपानेले यस्ता कार्यले



विद्यार्थी तथा अभिभावक सबैमा सचेतना थपिएका जानकारी दिँदै विद्यालयको रचनात्मक कामको खुलेर प्रशंसा गर्नुभयो। माछापुच्छ्रे-२, भुर्जुङखोलास्थित माछापुच्छ्रे विद्यालयले प्रत्येक कक्षालाई भाषा, व्यवसाय, प्रकृति संरक्षण, नेतृत्व विकासलगायतका विभिन्न थिममा क्रियाशील गराइरहेको छ। विद्यालयका प्रअ सन्तोष आचार्यले विद्यार्थीलाई पाठ्यक्रमले तोकेका निर्धारित सक्षमतालाई सहयोग पुग्ने गरी प्रत्येक कक्षालाई छुट्टाछुट्टै थिममा सक्रिय बनाउँदा सिकाइसमेत प्रभावकारी बन्दै गइरहेको बताउनुभयो। करिब सात सय विद्यार्थी नियमित अध्ययन गर्ने माछापुच्छ्रे मावि क्रियाकलापका आधारमा देशकै उदाहरणीय स्कुल हो। विद्यालयका शैक्षिक गतिविधि अवलोकन गर्न देशका थुप्रै विद्यालय त्यहाँ पुग्ने गरेका छन्।

# नेत्र गुरुङ निर्देशित चलचित्र "कडी" को पोखरामा शुभ मुहूर्त

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

दश वर्ष अघि नेपाली चलचित्र "नाईके" निर्देशन गरेका पोखराका नेत्र गुरुङद्वारा निर्देशित चलचित्र "कडी"को शुभमुहूर्त गरिएको छ। नेत्र इन्टरटेन्मेन्ट ब्यानरमा सुस्मिता फिल्मस्को सहकार्यमा बन्न लागेको "कडी" को संस्कृतिकर्मी तीर्थ श्रेष्ठले सोमबार पोखराको विन्ध्यावासिनी मन्दिरमा शुभमुहूर्त गरेका हुन्। माइती घर चलचित्रको कालाकोटैले भन्ने गीतको छायाँकन समेत विन्ध्यावासिनी मन्दिरमा गरिएको जानकारी गराउँदै आज कडीको शुभमुहूर्त गर्न पाउँदा खुशी लागेको उनले बताए।

पोखरा प्राकृतिक स्टुडियो भएकाले थुप्रै चलचित्रहरु सुटिङ हुने गरेको उल्लेख गर्दै श्रेष्ठले भारतीय नायक देवानन्दले समेत पोखरामा धेरै चलचित्रहरु सुटिङ गरेको जानकारी गराए। हरेराम हरेकृष्ण जस्ता चलचित्रहरु पोखरामा नै छायाँकन गरिएको भनाई उनको छ। श्रेष्ठले नेपाली चलचित्रले अझै पनि नेपाली चलचित्र भनेको यस्तो हुन्छ भनेर विश्वमाझ पुर्याइ आफुलाई स्थापित गर्न नसकेको प्रति दुख व्यक्त गरे। यस्तोमा नेपाली समाजका थुप्रै



कडीलाई मोडेर आफुलाई अगाडि बढाउन र नेपाली चलचित्रको उन्नयनमा "कडी" महत्वपूर्ण साबित हुनेमा आफु विश्वस्त रहेको भनाई उनको छ। कार्यक्रममा कलाकार माओत्से गुरुङले नेत्र गुरुङ म्युजिक भिडियो र सर्ट फिल्ममा चिरपरिचित नाम भएको उल्लेख गरे। उनले पोखराबाट बन्ने चलचित्रको शुभमुहूर्तमा सहभागी हुन पाउँदा खुशी लागेको बताए। कडीले उठाउन खोजेको विषयले दर्शकको मन जित्नेमा उनी आशावादी छन्।

चलचित्र निर्देशक घनश्याम लामिछानेले "कडी" नेपाली चलचित्र क्षेत्रका लागि नौलो बन्नेमा आफु विश्वस्त रहेको बताए। दश वर्ष अगाडि बनाएको नाइके पछिको ग्यापलाई चिर्ने गरी कडी अगाडि बढोस् भन्दै उनले शुभकामना दिए। नेत्र गुरुङले कडी आफ्ना लागि ड्रिम प्रोजेक्ट भएको उल्लेख गरे। म्युजिक भिडियोका लागि तयार पारिएको कथा चलचित्र बन्ला भनेर आफुले कल्पना समेत नगरेको भनाई उनको छ। नाइके पछि आफु म्युजिक भिडियो र सर्ट फिल्महरुमा व्यस्त रहेता पनि चलचित्र बनाउने योजना भने बनाइरहेको उनले बताए। कडी समाजको कथा भएको भनाई उनको छ। हर मान्छेले आफ्नो कथाको अनुभुति गर्न पाउने गरी चलचित्र निर्माण गर्ने तयारीमा उनी छन्। पोखरा आसपास छायाँकन हुने चलचित्र सस्पेन्स थ्रिलर जनरामा बन्नेछ। शुभमुहूर्त पछि पाँच दिनको वर्कसप पश्चात "कडी" छायाँकनमा जानेछ। कडी मार्फत दर्शकलाई आफुले नौलो स्वाद पस्कन चाहेको अभिव्यक्ति गुरुङको छ। कडीमार्फत गुरुङले टिकटकबाट चर्चामा आएका बद्री प्रसाद तिवारीलाई मुख्यपात्रका रुपमा प्रस्तुत गर्दैछन्। नायकको भूमिकामा तिवारी रहनेछन्। यस्तै थुप्रै म्युजिक भिडियोमा अभिनय गरेकी सोफी धरेल नायिकाको भूमिकामा रहनेछिन्। तिवारी र धरेलको यो पहिलो चलचित्र हो। मल्टी क्यारेक्टरवाला स्टोरीमा बन्ने चलचित्रमा प्रकाश घिमिरे, कमल भण्डारी, सुगत करणजीत, विकास खनाल, संगम कायस्थ, राजेन्द्र अधिकारी, राम बास्तोला, सरिता दानकुटी, प्रमिला तुलाचन, अर्जुन खड्का लगायतका कलाकारहरुको अभिनय रहनेछ। टिकटकमा मार्फत चर्चामा आएका सहित धेरै नयाँ कलाकाहरुलाई स्थान दिइएको निर्देशक गुरुङले बताए। चलचित्रलाई छायाँकन दिपेश केसीले गर्नेछन् भने पब्लिसिटी डिजाइनरमा सविन गायक रहेका छन्। सो अवसरमा सविन गायकले नै डिजाइन गरेको फस्ट लुक पनि सार्वजनिक गरिएको छ। सपना तिवारीको ड्रेस डिजाइनमा चलचित्र निर्माण हुनेछ।

# गण्डकीको नीति तथा कार्यक्रममा दुर्गम पश्चिम बागलुङ क्षेत्रलाई प्राथमिकता

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरिने भएको छ। गण्डकी प्रदेश सरकारले स्वास्थ्य केन्द्रलाई प्रदेश सरकार मातहतमा ल्याएर स्तरोन्नति गरिने भएको हो। जिल्लाको पश्चिम क्षेत्रका बिरामीको समस्यालाई मध्यनजर गर्दै स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नति गर्न लागिएको हो।

प्रदेश प्रमुख पृथ्वीमान गुरुङले आइतबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बागलुङको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र र गोरखा अस्पताललाई प्रदेश सरकार मातहत ल्याएर स्तरोन्नति गरिने उल्लेख गर्नुभयो। बुर्तिबाङमा अस्पताल बने पश्चिम क्षेत्रका चार स्थानीय तह लाभान्वित हुनेछन्। ढोरपाटन नगरपालिका तथा बडिगाड, तमानखोला र निसीखोला गाउँपालिकाका सर्वसाधारणलाई अस्पताल पुग्न एक सय किलोमिटर टाढा पुग्नुपर्ने बाध्यता छ। यहाँका बिरामीले सदरमुकाम बागलुङ बजार पुग्न बुर्तिबाङ बजारदेखि ९१ किलोमिटरको दूरी पार गर्नुपर्छ भने छिमेकी जिल्ला गुल्मीका अस्पताल पुग्नसमेत घन्टौँ यात्रा गर्नुपर्छ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भएसँगै सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै बागलुङ क्षेत्र नं २ प्रदेशसभा 'ख'का प्रदेशसभा सदस्य दोर्ण कुँवरले सरकारले जिल्लाको पश्चिमको माग सम्बोधन गरेको उल्लेख गर्नुभएको छ।

"हाम्रो अभ्यास पास भएको छ, बागलुङको पश्चिम क्षेत्रका जनताको आवाज सुनिने गरी नीति तथा कार्यक्रममा उत्तरगङ्गा जलाशययुक्त आयोजनालाई अगाडि बढाउने, सालझन्डी ढोरपाटन सडकको बुर्तिबाङ-ढोरपाटन खण्डको यथाशीघ्र सम्पन्न गर्न, काठेखोला-गल्कोट सुरुङ मार्गको विस्तृत परियोजना प्रतिवेदन गर्ने, प्राथमिक ट्रमा सेन्टर स्थापना गर्ने र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति नीति तथा कार्यक्रममा समावेश छ", कुँवरले भन्नुभएको छ।

प्रदेश सरकारले धौलागिरि अस्पताल बागलुङमा दुर्घटनाबाट हुने मानवीय क्षतिलाई न्यूनीकरण गर्न प्राथमिक ट्रमा सेन्टर स्थापना गर्ने नीतिमा उल्लेख गरेको छ। यहाँ ट्रमा सेन्टर स्थापना गर्ने चर्चा चलेको भने सात वर्ष बितेको छ। तत्कालीन प्रतिनिधिसभा सदस्य हरि खड्काको नाममा ट्रमा सेन्टर सञ्चालनका लागि बागलुङ नगरपालिकाले नीति बनाएको थियो। चार वर्षअघि सङ्घ सरकारको नीति तथा कार्यक्रमले सम्बोधन गरेको ट्रमा सेन्टरको विषय प्रदेश सरकारको नीतिमा परेको हो। यस्तै प्रदेश सरकारले संस्थागत सुत्केरीलाई जोड दिएको छ। प्रदेश प्रमुख गुरुङले 'संस्थागत सुत्केरी प्रदेश' घोषणा गर्ने नीति लिएको उल्लेख गर्नुभयो। स्वास्थ्य बीमामा प्रदेशको सहभागिता, पत्रकारका लागि स्वास्थ्य बीमा, १० वर्ष मुनिका बालबालिका र ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारलगायतका महत्वकाङ्क्षी कार्यक्रम समावेश गरिएका छन्। क्यान्सरको उपचारमा थप रु एक लाख सहयोग, मुटु र बालरोग अस्पताल स्थापना गर्ने नीति सार्वजनिक गरिएको छ।

# पुल नबन्दा विद्यार्थी र सेवाग्राही मर्कामा

रासस
मनाङ, २२ जेठ

हिमाली जिल्ला मनाङ बाढीपहिराबाट गुज्रिएको दुई वर्ष पूरा भयो। बाढीपहिरापश्चात् मानिसलाई सामान्य बसोबासका लागि मात्रै संरचना निर्माण गरियो। केही मानिसले व्यक्तिगतरुपमा नै मर्मत गरेर बसोबास गरेका छन्।

केही सामाजिकरुपमा अत्यावश्यक संरचनाको न त मर्मत हुन सकेको छ न त निर्माण नै। मनाङमा बाढीपहिराले अधिकांश क्षेत्रमा क्षति पुऱ्याए पनि केही संरचनाको निर्माणमा चासो नै नपुग्दा विद्यार्थी शिक्षाबाट वञ्चित हुने अवस्थामा पुगेका छन्।

केही समयमा नेपालमा मनसुन सुरु हुने सम्भाव्यता मौसम विभाग पूर्वानुमान महाशाखाले जनाइसकेको छ। फेरि पनि वर्षाका कारण बाढीपहिरो नआउला भन्न सकिँदैन। यस्तो अवस्थामा मर्स्याङ्दी नदीमाथि हालसम्म पनि झोलुङ्गे पुल नबन्दा विद्यार्थी शिक्षाको ज्योतिबाट वञ्चित हुनुपर्ने अवस्था रहेको छ। पुल निर्माण नहुँदा हाल नासों गाउँपालिका-३ र ५ मा आवतजावतमा सर्वसाधारण तथा सेवाग्राहीले सास्ती भोग्नुपरेको छ। पानीको बहाव कम हुँदा विद्यार्थी तथा सेवाग्राहीले फड्केको सहायताले आवतजावत गर्ने गरेका छन्।

विद्यार्थी सुस्मिता गुरुङ नदीमा पानीको बहाव बढेपछि भने फड्केमार्फत विद्यार्थी विद्यालयसम्म पठनपाठनका लागि पुग्ने गरेको बताउनुहुन्छ। "पानी परेपछि मर्स्याङ्दी बढ्छ, बाढीपहिराको पनि जोखिम हुन्छ, हामी त डराउँदै स्कुल पढ्न जाने कि नजाने भनेर हिँड्नुपर्ने हुन्छ, स्कुलमा पढ्दै गर्दा पानी पर्न थालेपछि त नदी बढ्छ कि भन्ने डर लाग्छ", सुस्मिता भन्नुहुन्छ, "पानी पऱ्यो भने त पढ्नतर्फ ध्यान नै हुँदैन, घर जान पाइँदैन कि भनेर चिन्ता लाग्छ।" त्यस्तै विद्यार्थी सविन गुरुङले सामान र गाउँमै प्रविधि हुने भए गाउँलेले मिलेर पुल पनि छिट्टै बनाउन सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "प्रविधिविना हामीले बनाउन नसक्ने भएर पनि ढिलाइ भएको त होला नि, जसरी भए पनि विद्यालय पुग्नुपर्छ भनेर फड्के गाउँलेले मिलेर बनाएको त हो नि।" पुल बनाउन कसैको चासो नपुग्दा बिरामी भए पनि फड्के तरेर जानुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो। पुल नबन्दा झन् उनीहरुमा दुई वर्षअघिको त्रासले झस्काइरहेको छ। नासों-५ मा रहेको प्रकाशज्योति माध्यमिक विद्यालयमा अध्ययनरत करिब तीन सय विद्यार्थीलाई सकस भएको छ। आवासीय व्यवस्था भएको यस विद्यालयमा नासों-१, २, ३, ४ र ५ का विद्यार्थी अध्ययनका लागि आउँछन्।

स्थानीय सुरेन्द्र गुरुङले दुई वर्ष बितिसक्दा पनि पुल नबन्दा धेरै सास्ती भोग्नुपरेको बताउनुभयो। "हामीले ज्यान जोखिममा राखेर बिरामीलाई स्वास्थ्यचौकीसम्म पुऱ्याउनुपर्ने बाध्यता कसले बुझिदिने हो खै ?, सम्बन्धित निकायले चासो नै दिएको जस्तो लाग्दैन, अब फेरि वर्षा लागिसकेको छ, पानी नपर्ला भन्ने छैन, तर पनि बुझेका छैनन्, अहिले पनि जोखिममा नै हिँड्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "हाम्रो समस्या समाधान गरिदिए यस्तो सास्ती त भोग्नुपर्दैनथ्यो।" नासों-५ का वडाध्यक्ष थुतेन लामाले पुल नहुँदा विद्यार्थी र सेवाग्राहीले भोगेका कठिनाइलाई मध्यनजर गर्दै पालिका र प्रदेशसम्म आवाज उठाए पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो। "विद्यार्थी र सेवाग्राहीले ज्यान जोखिममा राखेर नदी तर्दा दुःख लाग्छ, एक्लैले केही गर्न सकिँदैन रहेछ, सम्बन्धित निकायको चासो नहुँदा दुई वर्षसम्म पनि सहज बनाउन सकेको छैन", उहाँले भन्नुभयो। दुई वडा नै विच्छेद भएको अवस्थामा पटकपटक सम्बन्धित निकायसँग छलफल र समन्वयमा जुटिरहेको उहाँले बताउनुभयो।

पालिकाले मात्रै नसक्ने भए प्रदेश र सङ्घ सरकारलाई पनि जिम्मेवार बनाउने कार्यतर्फ आफूहरुले भूमिकाले खेल्नुपर्ने भनेर पालिका अध्यक्षसँग छलफल भएको वडाध्यक्ष लामाले बताउनुभयो। पुल नबन्दा स्थानीयसँगै पर्यटकले दुःख भोगेका छन्। यहाँ पुल निर्माण नहुँदा सामान्य बिरामी पर्दासमेत सकस हुने गरेको छ। दुई वर्षअघिको बाढीपहिराका कारण मनाङस्थित मर्स्याङ्दी नदीमाथि बनेका १३ पुलमा क्षति भएको छ।